**Tribhuvan University Journal**
**Vol. 37, No. 1: 140-151, June, 2022**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v37i1.48208

# छापामारको छोरो कथासङ्ग्रहका कथामा विश्वदृष्टि

***लतादेवी पौडेल***

*उपप्राध्यापक, महेन्द्ररत्न बहुमुखी क्याम्पस, त्रिवि, इलाम ।*
*इमेल : lata.paudyal@mrmc.tu.edu.np*

## लेखसार

प्रस्तुत लेख महेशविक्रम शाहको 'छापामारको छोरो कथासङ्ग्रहका कथामा कथामा विश्वदृष्टि'सँग सम्बन्धित छ। साहित्यको मार्क्सवादी चिन्तमा आधारित विभिन्न दृष्टिकोणहरूमध्ये फ्रान्सेली चिन्तक लुसिएँ गोल्डमानद्वारा प्रतिपादित सिद्धान्त विश्वदृष्टि हो। यस सिद्धान्तअन्तर्गत साहित्यिक रचनालाई समाजका वास्तविकतासँग जोडेर हेर्ने गरिन्छ। यस लेखमा *छापामारको कथासङ्ग्रह*मा सङ्गृहीत 'भत्केको ढोका र सपनाह' 'सडमा गान्धीहरू' र 'सिपाही र सालिक' र कथाको गोल्डमानको विश्वदृष्टिसँग सम्बन्धित मान्यताका आधारमा अध्ययन तथा विश्लेषण गरिएको छ। गोल्डमानका विचारमा एउटा वर्ग वा समूहको जीवनजगत् बारेमा सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो । यसमा कृतिको संसार र बाह्य संसारका घटनाक्रमका बिचमा समानता हुनुलाई संरचनाको समानधर्मिता रूपमा लिइन्छ । प्रस्तुत कथामा निःशस्त्र रूपमा गरिएको विद्रोहबाट प्राप्त शान्तिपूर्ण परिवर्तनप्रतिको आम नेपालीको चाहना विश्वदृष्टिका रूपमा आएको छ भने कथाको संरचना र समाजको संरचना बिच समानधर्मिमता रहेको छ। कथाको विश्लेषण गर्ने आधार गोल्डमानको विश्वदृष्टिसम्बन्धी सैद्धान्तिक मान्यतालाई लिइएको छ। यसमा उक्त मान्यताका आधारमा आगमनात्मक पाठ विश्लेषण विधिको उपयोग गरी कथाको विश्वदृष्टि र समानधर्मिताको खोजी गरी निष्कर्षक प्रस्तुत गरिएको छ । यसमा सन्दर्भसामग्रीको प्रयोगमा ए.पि.ए. पद्धतिलाई अँगालिएको छ ।

**शब्दकुञ्जी** : निःशस्त्र विद्रोह, विश्वदृष्टि, समानधर्मिता, सशस्त्र द्वन्द्व ।

## विषयपरिचय

महेशविक्रम शाह (वि.सं. २०१५) नेपाली साहित्यका समकालीन यथार्थवादी कथाकार हुन् । यिनका *सटाह* (२०५३), *सिपाहिकी स्वास्नी* (२०५९), *अफ्रिकन अमिगो* (२०६०), *छापामारको छोरो* (२०६३), *काठमाण्डुमा कमरेड* (२०६५), *ज्यकसन हाइट* (२०६९) कथासङ्ग्रहहरू प्रकाशित छन् । शाहले नेपाली राजनीतिमा रहेको सशस्त्र युद्धलाई प्रस्तुत गर्ने सन्दर्भमा युद्धका घटना परिघटनालाई लिएर थुप्रै कथाहरूको रचना गरेका छन् ।

युद्ध र द्वन्द्वलाई हेर्ने यिनको दृष्टिकोण आदर्शवादी रहेको छ । यिनका कथामा द्वन्द्व र युद्धको पृष्ठभूमि तथा कारणभन्दा पनि त्यसले निम्त्याएका घातप्रतिघातको यथार्थ चित्रण पाइन्छ । *छापामारको छोरो* (२०७४) कथासङ्ग्रहमा सङ्गृहीत 'भत्केको ढोका र सपनाहरू' 'सडकमा गान्धीहरू', 'सिपाही र सालिक' र यिनका यस्तै कथाहरू हुन् । प्रस्तुत कथाहरूमा दशवर्षे सशस्त्र द्वन्द्व तथा २०६२/२०६३ को जनआन्दोलनको पृष्ठभूमिले तयार गरेको नेपाली जनताको अग्रगामी चेतनालाई प्रस्तुत गरिएको छ । यी कथामा आम सर्वसाधरण नागरिकहरूले गरेको निःशस्त्र विद्रोह र शान्तिको चाहनालाई विश्वदृष्टिका रूपमा प्रस्तुत गरिएको छ, जसले लुसियाँ गोल्डमानको विश्वदृष्टिसम्बन्धी मान्यताका कोणबाट कथालाई अध्ययन गर्न सकिने आधार तयार गरेको छ । यस लेखमा विश्वदृष्टिसम्बन्धी मान्यताका आधारमा कथाको विश्वदृष्टिको प्रस्तुति कसरी भएको छ र कृति र समाज बिच केकस्तो संरचनागत समानधर्मिता पाइन्छ भन्ने जिज्ञासाको समाधान खोज्ने प्रयास गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत लेख 'छापामारको छोरो कथासङ्ग्रहका कथामा विश्वदृष्टि'सँग सम्बन्धित छ । यसमा पुस्तकालयबाट अध्ययन गरी शोध्य विषयसँग सम्बन्धित सम्पूर्ण सामग्रीहरू सङ्कलन गरिएको छ । यस क्रममा *छापामारको छोरो* कथासङ्ग्रहमा सङ्गृहीत 'भत्केको ढोका र सपनाहरू', 'सडकमा गान्धीहरू' र सिपाही र सालिक' कथाहरूलाई प्राथमिक श्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ भने कथा विश्लेषणसँग सम्बन्धित अध्ययन, अनुसन्धान, समालोचना तथा विश्वदृष्टिसँग सम्बन्धित सैद्धान्तिक सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । पाठ विश्लेषण गर्ने आधारमा लुसियाँ गोल्डमानको विश्वदृष्टि र संरचनाको समानधर्मितासँग सम्बन्धित सैद्धान्तिक मान्यतालाई लिइएको छ । यसमा विषयवस्तुको पुष्ट्याइँका लागि आगमनात्मक पाठविश्लेषण विधिको उपयोग गर्दै विश्वदृष्टि र संरचनाको समानधर्मितालाई सङ्केत गर्ने कथाका साक्ष्यका आधारमा निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक आधार

साहित्य र समाजका बिचको सम्बन्धको अध्ययन गर्ने वाङ्मयको शाखालाई साहित्यको समाजशास्त्र भनिन्छ । साहित्यको समाजशास्त्रले साहित्यमार्फत् अभिव्यक्त भएको समाजको अध्ययन तथा विश्लेषण गर्दछ । यसले साहित्यलाई समाजका रूपमा लिएर कृतिको सामाजिकता, त्यसले समाज निर्माणमा पुऱ्याएको योगदान आदिको अध्ययन तथा विश्लेषण गर्दछ (सिंह सन् १९९८, पृ. २) । इसाको उन्नाइसौं शताब्दीमा प्रारम्भ भएको साहित्यको समाजशास्त्रीय परम्परा बिसौं शताब्दीमा आइपुग्दा व्यवस्थित र विश्वसनीय ज्ञान अनुशासनका रूपमा विकसित भयो । यसको श्रेय फ्रान्सेली चिन्तक लुसियाँ गोल्डमानलाई छ । गोल्डमान (सन् १९१३-१९७१) मार्क्सवादबाट प्रभावित नवमार्क्सवादी विचारक हुन् ।

मार्क्सवादबाट प्रभावित भएर पनि उनले मार्क्सवादको वर्गसङ्घर्ष तथा वर्गचेतनासम्बन्धी मान्यतालाई फरक ढंगले प्रस्तुत गर्दै आफ्ना साहित्यसम्बन्धी मान्यतालाई नवीन ढंगले प्रस्तुत गरेका छन् (पाण्डेय २०७३, पृ. १८) । गोल्डमानले समाजशास्त्रको व्याख्या गर्ने सन्दर्भमा साहित्यलाई लेखकको निजी अनुभूतिका रूपमा नलिई समाजको उपजका रूपमा लिएका छन् ।

गोल्डमानका समाजसँग संस्कृतिको ऐतिहासिक, सामाजिक तथा सौन्दर्यसम्बन्धी सम्बन्धको खोजी गर्ने मान्यतामध्ये विश्वदृष्टि महत्त्वपूर्ण मान्यताका रूपमा रहेको छ । गोल्डमानका भनाइमा एउटा वर्ग वा समूहको जीवनजगत्का बारेमा सुसङ्गत दृष्टि नै विश्वदृष्टि हो (गोल्डमान सन् १९८०, पृ. १११) । उनका अनुसार कुनै पनि कृति व्यक्ति विशेषको नभई कृतिमा व्यक्त विचार वा भाव उसको वर्ग वा समुदायबाट प्रभावित हुन्छ र यसको विकास कुनै समूह वा वर्गले सामाजिक तथा ऐतिहासिक प्रक्रियामा गर्दछ । समाज विकासका क्रममा एउटा वर्ग वा समूहले अर्कोवर्ग वा समूहसँग विभिन्न किसिमका सम्बन्धहरू बनाउँछ । यस क्रममा कुनै समूहको सर्वाधिक सम्भावनापूर्ण अन्तश्चेतनाका आधारमा नै एक सुसङ्गत विश्वदृष्टिको निर्माण भएको हुन्छ । कलाकृतिको सुसङ्गत संरचना विश्वदृष्टिबाट प्रभावित हुन्छ र यही सुसङ्तिले नै कृतिलाई महानता प्रदान गर्छ । गोल्डमानका अनुसार महान् प्रतिनिधि लेखक त्यो हो जसले आफ्नो वर्गको अधिकतम अन्तश्चेतनालाई व्यक्त गर्छ (रुथ सन् १९९२, पृ. १११, उद्धृत २०७६, पृ. ८०) । कृतिभित्रको वर्गीय चेतना नै विश्वदृष्टिको आधार हो ।

विश्वदृष्टि समाजको वर्ग वा समूहको सामूहिक चेतनाबाट निर्माण भएको हुन्छ । विश्वदृष्टिको निर्माता कुनै एक व्यक्ति नभएर वर्ग वा समूह हुने गर्दछ । सामूहिक समूहको विचार नै विश्दृष्टि हो । समाजमा व्यक्ति /मान्छेहरूले एउटा सामूहिक चेतनाको संरचना निर्माण गर्दछन् । कुनै एकको चेतनाले अर्कोको चेतनालाई प्रभाव पारेको हुन्छ ।

विश्वदृष्टि दर्शन, कला र साहित्यमा विभिन्न रूपबाट प्रकट भए पनि यसको मूलरूप एउटै हुन्छ । यो, एउटा निश्चित कालखण्डमा कुनै वर्गका विचार, अनुभूति र व्यवहारहरूको समग्रताका रूपमा प्रकट हुन्छ । गोल्डमानले यसलाई मानिसका सामाजिक जीवनमा निहित हुने भएकाले यो दर्शन कला र साहित्यमा प्रकट हुने कुरा गरेका छन् । उनका विचारमा कृतिमा विश्वदृष्टिको खोजी कृतिबाट हुन्छ भने वर्गको अध्ययनबाट असम्भव हुन्छ । यसलाई उनी विचारधारा वा वर्ग चेतना मान्दैनन् । उनी विचारधारालाई छद्म चेतना भन्दछन् (पाण्डेय, २०७३, पृ. १९) । कृतिमा व्यक्त विश्वदृष्टिले समाजको कुनै वर्ग वा समूहको प्रतिनिधित्व गर्नु पर्दछ ।

गोल्डमानले समाजका कुनै वर्गको विश्वदृष्टिको संरचनासँग कृतिभित्रका संरचनाको बिचमा समानता हुनुलाई संरचनाको समानधर्मिता भनेका छन् । महान् रचनामा

यो संरचनागत समानधर्मिता सबैभन्दा बढी हुन्छ (गोल्डमान सन् १९९३, पृ. ५१) । संरचनालाई उनले कृतिले दिने बाह्य अर्थसँग प्रयोग नगरेर मानसिक संरचनाको अर्थका सन्दर्भमा प्रयोग गरेका छन् । उनका अनुसार समाज र कृतिको संरचना विशिष्ट हुन्छ । कृतिको संरचना भन्नाले लेखकलाई समाजले पारेको प्रभाव र पात्रका माध्यमबाट व्यक्त हुने स्थूल विचार हो तर यो लेखकीय प्रभावको सर्वोच्चता भने होइन । केही महत्त्वपूर्ण विशेषताहरूबाहेक संरचनाको स्वरूप समाजका विभिन्न घटनाहरू तथा व्यक्तिका दैनन्दिन व्यवहारबाट निरन्तर प्रभावित भइरहन्छ (बोएलअवार सन् १९८०, पृ. १६) । कृतिमा प्रकट हुने समाजको संरचना सुसङ्गत र मूर्त नै हुन्छ भन्ने छैन । समाजको संरचना जस्तो भए पनि गोल्डमानले कृतिको आध्ययन गर्दा पहिला कृतिको संरचना पहिल्याउनु पर्ने र त्यसका माध्यमबाट समाजको संरचनाको खोजी गर्नु पर्ने धारण राखेका छन् । यस लेखमा गोल्डमानका यिनै मान्यतालाई आधार बनाएर विश्वदृष्टि र संरचनागत समानधर्मिताका परिप्रेक्ष्यमा छापामारको छोरा कथासङ्ग्रहका कथाहरूको विश्लेषण गरिएको छ ।

## विश्लेषण र परिणाम

प्रस्तुत लेखको मुख्य समस्या 'छापामारको छोरा कथासङ्ग्रहका कथामा विश्वदृष्टि' रहेको छ। यसमा शोध्य विषयसँग सम्बन्धित भएर उक्त सङ्ग्रहमा सङ्गृहीत 'भत्केको ढोका र सपना, ''सडकमा गान्धीहरू' र सिपाही र सालिक' कथालाई मात्र केन्द्रीयतामा राखी ती कथाहरूको आख्यान सन्दर्भ, कथामा अभिव्यक्त विश्वदृष्टि र संरचनाको समानधर्मिताको अध्ययन तथा विश्लेषण गरिएको छ।

### आख्यान सन्दर्भ

महेशविक्रम शाहका 'भत्केको ढोका र सपनाहरू', 'सडकमा गान्धीहरू' र 'सिपाही र सालिक' कथाहरू *छापामारको छोरो* (२०७४) कथासङ्ग्रहमा सङ्गृहीत छन् । यी कथाहरूमा २०५१ सालदेखिको सशस्त्र द्वन्द्व र २०६२/२०६३ जनआन्दोलन घटनालाई पृष्ठभूमिका रूपमा समेटिएको छ । प्रस्तुत कथाहरूमा सशस्त्र विद्रोहको अन्त्य, निःशस्त्र विद्रोहको प्रभावकारिता र शान्तिको स्थापनालाई जोड दिएको छ । 'भत्केको ढोका र सपनाहरू' कथामा रने माओवादीले नेतृत्व गरेको सशस्त्र युद्धमा होमिएका कारण उसको परिवारले सरकारी सेनाको अत्याचार सहनुको बाध्यतालाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । कथामा रने माओवादीमा लागेकै आरेपमा सरकारी सेनाले रनेका बाबुमाथि शारीरिक तथा मानसिक यातनामा दिनुका साथै अपहरण गरी बेपत्ता पारेका छन् भने आमा जसमाया र उसकी श्रीमतीको अस्मिता लुटी लछारपछार समेत गरेका छन् । कथामा युद्धका कारण जसमायाले बुहारी र नातिको मुख हेरेर छोरो र श्रीमान्को वियोगमा बाँच्नु परेको कारुणिक अवस्थाको चित्रण गरिएको छ । युद्धमा होमिएको छोरो र सेनाले अपहरण गरी बेपत्ता पारेको लोग्ने घर फर्कने पर्खाइमा दिनरात काटिरहेकी जसमायाले युद्धको अन्य

भए बाँकी रहेको जीवन भयरहित बाँच्ने भिनो आशा राखेकी छ । 'सडकमा गान्धीहरू' कथामा आफ्ना बाजेले भित्तामा झुन्ड्याएर राखेको राइफललाई हेर्दै इतिहासका विभिन्न कालखण्डमा भएका युद्धहरूको स्मरण गरी आफू क्रान्ति नायक बन्ने विद्रोही भावना बोकेको 'ऊ' पात्रको मानसिक अन्तर्द्वन्द्वलाई कथानकका रूपमा प्रस्तुत गरिएको छ। यसमा जनताले नेतृत्व गरेको निःशस्त्र शान्तिपूर्ण आन्दोलनको प्रभावकारीतालाई प्रस्तुत गरिएको छ । कथामा सदियौंदेखिको समाजमा रहेको प्रभुत्वशाली शक्तिका विरूद्ध हतियार उठाउनु पर्ने कुराबाट प्रेरित भएको 'ऊ' पात्र सडकमा उर्लिएको असङ्ख्य मान्छेहरूको गान्धीरूपी आन्दोलनबाट प्रभावित हुन्छ र आफूले उठाएको बन्दुक फालेर निःशस्त्र आन्दोलनमा होमिन पुग्छ । युद्धको अन्त्य र स्थायी शान्तिको कामना गरिएको प्रस्तुत कथाको केन्द्रीय चरित्र पनि 'ऊ' पात्र नै हो । 'सिपाही र सालिक' कथामा काठमाडौँमा २०६२/२०६३ को आन्दोलन उर्लिएको बेलाको जीवन्त चित्रलाई कथानकका रूपमा प्रस्तुत गरिएको छ । यसमा कथाकारले निरङ्कुश राजसंस्था विरोधी आन्दोलनमा जनसागर उर्लिएको बेला शान्तिसुरक्षको प्रबन्धमा खटिएका सिपाहीहरूको भयभीत मनोदशा र जनआन्दोलनको प्रभावकारिताको चित्रण गरेका छन् । प्रस्तुत कथामा जनआन्दोलनको चरम उत्कर्षलाई देखाउँदै सरकारी पक्षबाट आन्दोलनलाई निःस्तेज बनाउन गरिएको प्रयास निरर्थक रहेको कुरा उल्लेख गरिएको छ ।

## कथामा अभिव्यक्त विश्वदृष्टि

विश्वदृष्टिसम्बन्धी सिद्धान्तको प्रतिपादन लुसिँए गोल्डमानले गरेका हुन् । गोल्डमानले समाजबाट प्रभावित कृतिमा व्यक्त लेखकीय विचार विश्वदृष्टिका रूपमा प्रकट हुने कुरा उल्लेख गरेका छन् । कृतिभित्र समाजका मानिहरूको विचार, चाहना, इच्छा, आकांक्षा तथा भावनाको सामूहिक अभिव्यक्ति सन्देशस्वरूप आएको हुन्छ । यसैलाई विश्वदृष्टिको रूपमा व्याख्या गर्न सकिन्छ । साहित्यमा व्यक्त भएको विश्वदृष्टिले समाजका साझा मान्यता राख्ने व्यक्तिहरूको भावनालाई प्रतिनिधित्व गर्दछ । कृतिमा व्यक्त यस्ता विचारबाट समाजका मानिसको इच्छा, चाहना र उनीहरूले समाज, देश या विश्वबारे राखेको दृष्टिकोण आदि कुरा जान्न सकिन्छ । समालोचकले कृतिभित्र विश्वदृष्टिको खोजी गर्दा यिनै कुराहरूको विश्लेषण गर्नु पर्दछ ।

*छापामारको छोरो* कथासङ्ग्रहमा सङ्गृहीत 'भत्केको ढोका र सपनाहरू', 'सडकमा गान्धीहरू' र 'सिपाही र सालिक दशवर्षे सशस्त्र द्वन्द्व र २०६२/२०६३ जनआन्दोलनको पृष्ठभूमिलाई समेटेर लेखिएका कथाहरू हुन् । यी कथाहरूमा दश वर्षे सशस्त्र जनयुद्धको अन्त्य, शान्तिको चाहना साथै पुरानो संसदीय व्यवस्था र राजसंस्थाको अन्त्यको अपेक्षा गरिएको छ । विश्वदृष्टिले कुनै निश्चित वर्ग वा समुदायको विचारको प्रतिनिधित्व गर्दछ । गोल्डमानले कुनै पनि समालोचकले कृतिभित्र विश्वदृष्टिको खोजी गर्दा समाजको धर्म संस्कृति, शिक्षा, राजनीति आदिप्रति कुनै जाति, वर्ग वा समुदायको धारणा कस्तो छ भन्ने

विषयको खोजी गर्नुपर्दछ भन्ने मान्यता अघि सारेका छन् । शाहको 'भत्केको ढोका र सपनाहरू' कथामा राजतन्त्रसहितको संविधान २०४७ र तत्कालीन संसदीय व्यवस्थाका विरूद्ध माओवादीले थालनी गरेको दश वर्षे सशस्त्र युद्धले अपेक्षा गरेबमोजिमको परिवर्तन गर्न नसक्दा माओवादी लडाकुहरूका घरपरिवारहरू सरकारी सेनाको निसानामा परी भयभित अवस्थामा बाँच्नुपर्ने वाध्यात्मक अवस्थाको चित्रण गरिएको छ । यस कथामा जनयुद्धमा समाहित भएका कारण रनेका बाबुलाई सरकारी सेनाले शारीरिक तथा मानसिक यातनापछि अपहरण गरी बेपत्ता पारेको र उसकी श्रीमती र वृद्ध आमाको यौनशोषण तथा बलात्कार गरेको कारुणिक घटनाको चित्रण गरिएको छ । प्रस्तुत कथामा कथाकारले जनयुद्धले निम्त्याएको आतङ्क, भय, अपहरण, त्रासका साथै तत्कालीन राजसंस्थाको अकर्मन्यता, भौतिक तथा मानवीय क्षति आदिको समूल अन्त्य आम नेपालीहरूको चाहना रहेको कुरालाई रनेकी आमा (जसमाया) का माध्यमबाट प्रस्तुत गरेका छन् जुन यस कथाको विश्वदृष्टि हो । निम्नलिखित साक्ष्यले सो कुराको पुष्टि गर्दछ :

> जसमायाले ढोकातिर पिठिउँ फर्काएर आफ्ना आँखा चिम्लिन् । ढोकाबाहिरबाट आइरहेका विभिन्न थरीका आवाजहरूप्रति बेखबर हुँदै जसमाया आफूले कहिलेकाहीँ मात्र देख्ने गरेको मीठो सपना देखिरहेकी थिइन् -... देशमा शान्ति बहाल भएको छ । उनको छोरो रने उज्यालो मन लिएर घर फर्केको छ । बेपत्त भएको उनको लोग्ने पनि मुस्कुराउँदै घरमा टुपलुक्क झुल्केको छ । गाउँमा उत्सवको वातावरण छ । चारैतिर जात्रामा जस्तो नाचगान र दोहोरी चलिरहेको छ जसमाया पनि उत्सवमा सहभागी हुँदै गाउँलेहरूलाई टपरीमा सेल र अचार बाँडिरहेकी छन्...। जसमाया हडबडाउँदै उठिन् । बाहिर बिहानको भुकभुके उज्यालो फैलिसकेको थियो । उनले बिछ्यौना छाड्नुभन्दा पहिले आफूले धेरै समयपछि देखेको मीठो सपना स्मरण गरिन् र यथार्थमा यस्तै होस् भन्ने कामना गरिन् । (शाह २०७४, पृ. ९१)

उल्लिखित कथांशमा माओवादी द्वन्द्वका कारण भौतिक तथा मानसिक रूपमा आतङ्कित तथा क्षतविक्षत बनेकी जसमायाले धेरै समयपछि निदाउने प्रयास गर्दै जबर्जस्ती निदाएर निन्द्रमा सशस्त्र युद्धको अन्त्य भई गाउँलेहरू मिलेर उत्सव मनाएको सपना देखेकी र आफूले देखेको सपना विपना बनिदिओस् भन्ने कामना गरेकी छ । यसले यस कथामा युद्धको अन्त्य र शान्तिको स्थापना विश्वदृष्टिका रूपमा आएको कुरा पुष्टि हुन्छ । प्रस्तुत कथामा जसमायाका माध्यबाट युद्धको अन्त्य र शान्तिको स्थापना होस् भन्ने जुन किसिमको कामना गरिएको छ यो एक्ली जसमायाको मात्र नभएर द्वन्द्व पीडित सम्पूर्ण माओवादी लडाकुहरूका घरपरिवारको सामूहिक कामना भएको देखिन्छ ।

'सडकमा गान्धीहरू' कथामा सशत्र युद्ध र यसले निम्त्याएको भौतिक तथा मानसिक ज्यादती, विनाश, आतङ्क, तुच्छताका विरूद्ध निःशस्त्र रूपमा आम जनताहरूले

नेतृत्व गरेको शान्तिपूर्ण आन्दोलनको प्रभावकारीतालाई कथानकका रूपमा प्रस्तुत गरिएको छ । यसमा कथाकारले सशस्त्र युद्धले तुच्छता, अन्धता र विनाश मात्र निम्त्याउने भएकाले मुलुकको निरङ्कुश शासन व्यवस्थाको परिवर्तनका लागि निःशस्त्र शान्तिपूर्ण आन्दोलनको अपरिहार्यता रहेको कुरालाई जोड दिएका छन् । महेशविक्रम शाह स्वयम् नेपाल प्रहरीका बरिष्ठ कमाण्डर हुन् तर उनी क्रान्तिको विरोधी भने होइनन् । उनको क्रान्तिप्रतिको मोह लेखक शाहका रूपमा प्रस्फुटित भएकाले उनी क्रान्तिको पक्षमा उभिएका छन् भन्ने कुराको पुष्टि हुन्छ । प्रस्तुत कथामा उनले क्रान्तिको आवश्यकता र क्रान्ति गर्ने तरिकाका विषयमा खुलेर उल्लेख गरेका छन् । उनले कथामा यी कुराहरू आफू तटस्थ रहेर सशस्त्र द्वन्द्वमा होमिएको 'ऊ' पात्र र आम सर्वसाधारण नेपालीहरूका माध्यमबाट प्रस्तुत गरेका छन् । कथामा उनी रक्तपातपूर्ण क्रान्तिको विपक्षमा र शान्तिपूर्ण क्रान्तिको पक्षमा उभिएका छन् । प्रस्तुत कथामा कथाकारको यही चेतना विश्वदृष्टिका रूपमा प्रकट भएको छ । जसको पुष्टि निम्न लिखित कथांशले गर्दछ :

> ऊ अहिले आफूलाई तनावरहित र शान्त महसुस गरिरहेको थियो । अहिले पनि ऊभित्र विद्रोह जीवित थियो , तर विद्रोहभित्र हिंसा थिएन । उसभित्रको विद्रोह अहिंसात्मक बनिसकेकको थियो उसले सडकमा हेऱ्यो । असङ्ख्य गान्धीहरू .... ऊसँगसँगै असङ्ख्य हातहरू छन् जुन देशको मुहार फेर्नका लागि सदियौंदेखि जुरमुराइरहेका छन् । उसले फरक्क फर्केर बाजेले दोस्रो विश्वयुद्धमा लडेको बन्दुकलाई हेऱ्यो । तपाईंले लडेको विश्वयुद्धमा कसैको जित भएन बाजे ! सबैको हार मात्र भयो । तपाईंले अनुभूत गरेको शौर्य र वीरता मात्र एक पाखण्डी भ्रम थियो । एउटा मान्छेले क्रूरतापूर्वक मार्दा मानिने वीरताको परिभाषा अब थोत्रो र कलङ्कित भइसक्यो ।....उसले बाजेको बन्दुकमाथि जोडले घन प्रहार गऱ्यो । बन्दुक छिनभरमै ससाना टुक्राहरूमा विभक्त भयो । बन्दुकका टुक्राहरूलाई उसले झ्यालबाट बाहिर हुत्यायो । ऊ सडकमा निस्कियो ।... मैंले देख्दा देख्दै ऊ गान्धीमा रूपान्तरित भयो । (शाह २०७४, पृ. १०३/१०४)

प्रस्तुत साक्ष्यमा कथाकारले क्रान्तिका लागि बन्दुक घातक भएको कुरा उल्लेख गरेका छन् । यसमा उनले बन्दुकलाई परिवर्तन वा क्रान्तिको वाहक ठान्ने 'ऊ' पात्रका माध्यमबाट इतिहासका विभिन्न कालखण्डमा बन्दुकका कारण हिटलर, मुसोलिनीजस्ता महान् भनिएका व्यक्तिहरूको पतन भएको तर सत्यवादी गान्धीको विचार जीवन्त रहेको कुरालाई स्वीकार गरेको देखाएका छन् । यस कथामा सामन्ती शासन व्यवस्थाको अन्त्यका लागि आफ्ना बाजेले भित्तामा झुन्डाएर राखेको बन्दुकको सहायता लिने दृढ सङ्कल्प गरेको 'ऊ' पात्र सडकमा रहेका असङ्ख्य गान्धीरूपी आन्दोलनको भीडबाट प्रभावित भएपश्चात् बन्दुकलाई घनले हानेर टुक्रा टुक्रा पारेर झ्यालबाट फाल्दै गान्धीरूपी आन्दोलनको भीडमा मिसिन पुगेको छ । कथामा 'ऊ' पात्रको यस कदमले विविध खाले निरङ्कुश प्रभुत्वशाली

शक्तिको अन्त्यका लागि शान्तिपूर्ण आन्दोन नै सर्वमान्य रहेको कुरा पुष्टि गर्दछ जुन कुरा यस कथाको विश्वदृष्टि हो । प्रस्तुत कथामा रहेको ‘ऊ’ पात्रको विचार उसको मात्र एक्लो विचार नभएर सामन्तवादी राज्यसत्ताको अन्त्यको चाहने आम शोषित पीडित सर्वसाधारण युवाहरूको विचार हो ।

शाहको ‘सिपाही र सालिक’ काठमाडौंमा २०६२/२०६३ को आन्दोलन उर्लिएको बेलाको जीवन्त चित्र प्रस्तुत गरिएको कथा हो । यसमा विगत लामो समयदेखि चलेको माओवादी सशत्र द्वन्द्वले आक्रान्त भएपछि मुलुकको दिगो विकास तथा शान्ति सुरक्षाका लागि नेपाली काँङ्ग्रेस, नेकपा एमालेलगायत तत्कालीन सात राजनैतिक दलले नेतृत्व गरेको राजसंस्था विरोधी निःशस्त्र जनआन्दोलनको सामू नेपालको सैन्य शक्तिले मात्र राजसंस्था थेग्न नसकेको यथार्थलाई एकातिर प्रस्तुत गरिएको छ भने अर्कोतिर राजसंस्थाको रक्षाका लागि शान्ति सुरक्षको प्रबन्धका लागि सडकमा खटिएका सिपाहीहरूको भयभीत मनोदशालाई चित्रण गरिएको छ । प्रस्तुत कथामा निरङ्कुश राजसंस्था, पुरानो संसदीय व्यवस्थाको अन्त्य र शान्तिको स्थापनका लागि निःशस्त्र आन्दोलनको आवश्यकता र अपरिहार्यता रहेको कुरामा जोड दिएको छ । कथामा दश वर्षे सशस्त्र युद्धले उद्घोष गरेको मुलुकको परिवर्तन र शान्तिको स्थापना सर्वसाधारण नेपाली जनताको मात्र चाहना नभएर सशत्र द्वन्द्वमा युद्धमैदानमा खटेका सैन्य शक्तिको पनि चाहना रहेको कुरालाई उल्लेख गरिएको छ । कथामा नेपालको राजसंस्थाको अन्त्य र शान्ति स्थापनाका लागि लाखौं नेपाली एकजुट भएर सडकमा उत्रिएको पाइन्छ । यसले आम नेपाली जनताको चाहना राजसंस्थाको अन्त्य रहेको कुरा बुझ्न सकिन्छ । यसका लागि  निम्न लिखित साक्ष्यलाई लिन सकिन्छ :

> उसले विस्फारित नेत्रले जुलुसमा लामबद्ध मान्छेहरूलाई हेऱ्यो । सबैका अनुहार देदीप्यमान थिए । सबैका आँखा मानौं आगो ओकलिरहेका थिए । ती आँखामा आमूल परिवर्तनको कठोर चाहना थियो । शाताब्दीऔंदेखि मनभित्र दबेर रहेको कुण्ठा जुलुसका रूपमा प्रकट भइरहेको थियो । उसले रोक्न चाहेर पनि रोक्ने थिएन त्यो जुलुसलाई । उसले छक्क परेर जुलुसलाई हेर्दै सोचिरह्यो कि ऊ हातहतियारले सुसज्जित भएर पनि कति निर्धो र कमजोर छ । जुलुसका यी मान्छेहरू निःशस्त्र भएर पनि कति सशक्त र बलशाली छन् । उसले बल्ल बुझ्यो कि नागरिकको शान्तिपूर्ण आन्दोलन किन शक्तिशाली हुन्छ र तिनका अगाडि बन्दुकहरू झुक्न किन बाध्य हुन्छन् ।... ऊ आफ्नो समयका महामानवहरूलाई जुलुसमा देखेर आश्चर्यचकित हुँदै थियो कि उसले जुलुसको बिचमा हात उचालेर “खबरदार ! खबरदार ! भन्दै गर्जिइरहेका बी. पी. गणेशमान, पुष्पलाल, मनमोहन र मदन भण्डारी पनि देख्यो । ....“हामी शान्ति चाहन्छौं ।” जुलुसले फेरि नारा लगायो । ‘ म पनि त दासत्वबाट मुक्ति चाहन्छु ।’ उसले आफ्नो मनसित साउती गऱ्यो । “हामी आमूल परिवर्तन चाहन्छौं ।” यति भन्दै जुलुसले सिपाहीको सुरक्षाघेरा

> तोड्यो । उसले जुलुसलाई बाटो दिन सिपाहीलाई आदेश दियो । बाँध भत्काएर वेगसाग बगेको नदीझैं जुलुस नारा घन्काउँदै अगाडि बढ्यो । (शाह, २०७४, पृ.१२२/१२३)

प्रस्तुत कथांशमा सशस्त्र आन्दोलनका सामु निःशस्त्र शान्तिपूर्ण आन्दोलन प्रभावकारी र बलशाली रहेको कुरा व्यक्त गरिएको छ । यसमा 'ऊ' पात्रका माध्यमबाट नेपालमा निरङ्कुश राजसंस्थाको अन्त्यसँगै शान्तिको स्थापना हुने कुरा उल्लेख गरिएको छ। प्रस्तुत कथांशमा राजसंस्थाको रक्षार्थ सडकमा खटिएको 'ऊ' पात्रले सडकमा ओर्लिएको निःसस्त्र आन्दोलनबाट प्रभावित भएर सुरक्षाघेरा तोड्दै अगाडि बढेको जुलुसलाई बाटो दिनका निम्ति सिपाहीलाई निर्देशन दिएको छ। सुरक्षा कमाण्डरको यस किसिमको निर्देशनले सर्वसाधारण नेपाली जनताका साथै सरकारी सुरक्षाकर्मीहरूसमेत राजसंस्थाको अन्त्यसँगै दश वर्षे सशस्त्र द्वन्द्वको अन्त्य र शान्ति स्थापनाको पक्षमा रहेको स्पष्ट हुन्छ । प्रस्तुत कथाको विश्वदृष्टि पनि यही हो ।

## संरचनाको समानधर्मिता

गोल्डमानले कृतिभित्रको विश्वदृष्टि र समाजका वर्ग वा समुदायको विश्वदृष्टिका बिच समानधर्मिताको चर्चा गरेका छन् । उनका विचारमा समाजका वर्गको विश्वदृष्टिको संरचनासँग कृतिभित्रको संरचनासँग समानधर्मिता हुनुपर्छ । समाजको विश्वदृष्टि र कृतिभित्रको विश्वदृष्टिका बिच जति बढी समानता हुन्छ कृति त्यति नै महान् हुन्छ । यसलाई उनी संरचनाको समानधर्मिता भन्छन् (पाण्डेय, २०७३, पृ.१९) । गोल्डमानको उक्त विचारलाई आधारमा मानेर छापामारको छोरो कथासङ्ग्रहमा सङ्गृहीत 'भत्केको ढोका र सपनाहरू', 'सडकमा गान्धीहरू' र सिपाही र सालिक' कथाको विश्लेषण गर्दा कथमा अभिव्यक्त सामाजिक संरचना र तत्कालीन नेपाली समाजको सामाजिक संरचनाका बिच समानधर्मिता रहेको पाइन्छ । यी कथाहरूमा सशस्त्र द्वन्द्वको अन्त्यका साथै निरङ्कुश राजसंस्थाको अन्त्य र शान्तिको स्थापनालाई विश्वदृटिका रूपमा प्रस्तुत गरिएको छ । यी कथामा कथाकारले तत्कालीन राजसंस्थाको अन्त्य र नयाँ संसदीय व्यवस्थाका लागि माओवादीले २०५१ को अन्त्यतिरबाट थालनी गरेको सशस्त्र विद्रोह र तत्कालीन सात दलले नेतृत्व गरेको सर्वसाधारण जनताको व्यापक सहभागिता रहेको २०६२/२०६३ को आन्दोलनको प्रभावकारितालाई कथानकका रूपमा प्रस्तुत गरेका छन्, जुन नेपालको राजनीतिक आन्दोलन र परिवर्तनको यथार्थ चित्र हो ।

प्रस्तुत कथाहरूमा कथाकारले सशस्त्र द्वन्द्वले नेपाली समाजमा फैलाएको त्रास, आतङ्क, आगजनी र २०६२/२०६३ को जनआन्दोलनको प्रभावकारिता, सामाजिक तथा सैन्य गतिविधिको यथार्थ चित्रण गरेका छन् । गोल्डमानले विश्वदृष्टिको व्याख्या गर्ने सन्दर्भमा अघिसारेको संरचनागत समानधर्मिताका कोणबाट  हेर्दा शाहका विश्लेष्य

कथाहरूमा संरचनागत समानधर्मिता रहेको पाइन्छ । प्रस्तुत कथाहरूमा वर्णित समाजको समग्र घटना तथा कथानक नेपालको सशस्त्र द्वन्द्व र जनयुद्धकालीन समाजका वास्तविक घटनासँग सम्बन्धित रहेका छन्, जसले कृतिभित्र वर्णित समाज र वास्तविक समाजका बिच समानधर्मिता रहेको पुष्टि गर्दछ । यसका लागि लेखकको यस भनाइलाई साक्ष्यका रूपमा लिन सकिन्छ :

> यो एउटा विडम्बना हो कि ? एक दशकसम्म सशस्त्र द्वन्द्वमा पिल्सिरहेको आफ्नो देशलाई अनुभूत गरेर पनि नेपाली साहित्यममा द्वन्द्व र युद्धसम्बन्धी प्रभावपूर्ण रचनाहरू आउन सकेनन् । यस सङ्ग्रहको प्रकाशनले यस कमीलाई धेरै हदसम्म पूर्ति गर्नेछ भन्ने मैले विश्वास लिएको छु । नेपाली धर्तीलाई रक्तरञ्जित पार्ने सशस्त्र द्वन्द्वका सम्पूर्ण पाटाहरूलाई यस सङ्ग्रहले स्पर्श गर्न नसके तापनि यस देशका नागरिकहरूलाई सशस्त्र द्वन्द्वले दिएको पीडा र पुऱ्याएको क्षतीको साङ्गोपाङ्ग स्वरूपलाई अठार कथाहरू मार्फत यस सङ्ग्रहमा समेट्ने प्रयास गरेको छु । (शाह २०७४, भूमिका खण्ड)

यो सिङ्गो कथा सङ्ग्रहबारे लेखकको भनाइ हो । यसले *छामामारको छोरो* कथासङ्ग्रहभित्र तीन वटा मात्र होइन अठार वटै कथाहरू दश वर्षे सशस्त्र द्वन्द्व र २०६२/२०६३ को जनआन्दोलनका घटनालाई समेटेर लेखिएको पुष्टि हुन्छ । शाहको 'भत्केको ढोका र सपनाहरू' माओवादी सशस्त्र द्वन्द्व चर्किएका समय अवधिमा माओवादी लडाकुका घरपरिवारले भोग्नु परेको सैन्य ज्यादतीको चित्रण गरिएको कथा हो भने 'सिपाही र सालिक' र 'सडकमा गान्धीहरू' काठमाडौँमा लगायत देशका विभिन्न ठाउँमा राजसंस्था विरोधी निःशस्त्र शान्तिपूर्ण जनआन्दोलन चर्किएको समयमा आन्दोलनका गतिविधि र प्रभावकारीतालाई समेटिएर लेखिएका कथा हुन् । यी कथाहरू मध्ये 'सिपाही र सालिक' कथामा राजसंस्थाको संरक्षण तथा शान्ति सुरक्षाको प्रबन्धमा खटिएका सिपाहीहरूको मनोदशा र जनआन्दोलनको चरमोत्कर्षको चित्रण गरिएको छ भने 'सडक र गान्धीहरू' कथामा सशस्त्र द्वन्द्वप्रतिको अन्धता, तुच्छता र विनाशका विरुद्ध निहत्थाहरूले नेतृत्व गरेको शान्तिपूर्ण गान्धीरूपी आन्दोलन बलशाली रहेको कुरा चित्रण गरिएको छ ।

तत्कालीन नेपालको सशस्त्र द्वन्द्व र २०६२/२०६३ को जनआन्दोलन र यसका उपलब्धिलाई कथानकका रूपमा प्रस्तुत गरिएका यी कथाहरूमा कथाकारले सशस्त्र द्वन्द्वको अन्त्यका साथै राजसंस्थाको अन्त्य र शान्तिको स्थापना जनचाहना रहेको कुरालाई विश्वदृष्टिका रूपमा प्रस्तुत गरेका छन् । यसले तत्कालीन नेपाली समाजको विश्वदृष्टि र कृतिमा व्यक्त विश्वदृष्टिका बिचमा संरचनात्मक समानधर्मिता रहेको कुरा पुष्टि गर्दछ ।

## निष्कर्ष

महेशविक्रम शाहद्वारा रचित *छापामारको छोरो* कथासङ्ग्रहमा सङ्गृहीत 'भत्केको ढोका र सपनानहरू', 'सडकमा गान्धीहरू' र 'सिपाही र सालिक' तत्कालीन नेपालको दश वर्षे सशस्त्र द्वन्द्व र २०६२/२०६३ सम्मको जनआन्दोलनका उपलब्धिहरूलाई यथार्थ रूपमा प्रस्तुत गरिएका कथाहरू हुन् । प्रस्तुत कथामा सशस्त्र द्वन्द्व, त्यसले निम्त्याएको अराजक सैन्य गतिविधि, भय, त्रास र विनाश र आम नेपाली जनताले नेतृत्व गरेको निःशस्त्र शान्तिपूर्ण आन्दोलनको आकर्षण र प्रभावकारितालाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । यी कथाहरूमा सशस्त्र द्वन्द्वको अन्त्य, राजतन्त्र र पुरानो संसदीय व्यवस्थाको अन्त्यका साथै शान्तिको स्थापना आम नेपालीको चाहना रहेको कुरालाई विश्वदृष्टिका रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत कथाहरूमा अभिव्यक्त विश्वदृष्टि गोल्डमानले भनेझैं कुनै एउटा वर्ग वा समूहको सुसङ्गत दृष्टिकोणका रूपमा रहेको छ । यी कथाहरूमा वर्णित सशस्त्र द्वन्द्व र निःशस्त्र आन्दोलन र नेपालमा तत्कालीन समयमा माओवादीले नेतृत्व गरेको सशस्त्र द्वन्द्व र २०६२/२०६३ सम्मको निःशस्त्र जनआन्दोलनको घटना क्रम र उद्देश्यका बिच समानता रहेको छ । तत्कालीन नेपालको राजनैतिक द्वन्द्वको घटनासँग सम्बद्ध यी कथाहरूमा द्वन्द्वरत पक्ष, आम नेपाली जनता र लेखकीय दृष्टिकोणले समेत युद्धको अन्त्य, शान्तिको चाहनालाई विश्वदृष्टिका रूपमा प्रस्तुत गरेकाले यी कथामा संरचनागत समानधर्मिता रहेको पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची


आलेमगर, कृष्णहरि (२०७३), 'कर्तव्य कथाको समाजशास्त्रीय विश्लेषण : विश्वदृष्टिका आधारमा' *सिद्धान्त र समालोचना* , काठमाडौँ : रत्नसागर प्रकाशन गृह ।

गेल्डमान, लुसियाँ (सन् १९९२), *साहित्येतिहास की उत्पत्तिमूलक संरचनावादी पद्धति,* अनु. निर्मला जैन/ कुसुम बाँठिया, *साहित्यका समाजशास्त्रीय चिन्तन,* हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय : दिल्ली विश्वविद्यालय ।

गेल्डमान, लुसियाँ (सन् १९८०), *एस्सेज अन मेथड इन द सोसियोलोजी अफ लिटरेचर,* विलियम क्यु. बोएलआवर, सम्पा. सेन्ट लुइस : टेलस प्रेस लिमिटेड ।

गौतम, कृष्ण (२०५९), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन,* (दोस्रो संस्क), ललितपुर : साझा प्रकाशन ।

दाहाल, भीमप्रसाद (२०७०), 'तीन बास कथामा विश्वदृष्टि', *प्राज्ञिक संसार,* (१, ९), पृ.८६-९० ।

पाण्डेय, ताराकान्त (२०७३), 'विश्वदृष्टिका परिप्रेक्ष्यमा छापामारको छोरो कथाको समाजशास्त्र', *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३) 'अनुभूतिको संरचनाको परिप्रेक्ष्यमा बसाइँ उपन्यासको समाजशास्त्र', *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३), *'मार्क्सवाद,सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र',* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर, (सन् १९८९), *'साहित्य के समाजशास्त्र की भूमिकका',* हरियाणा साहित्य चन्डिगढ : अकादमी ।

रुथ, जेन (सन् १९९२), 'ख्यातिका आर्जन : लुसिएँ गोल्मान, (अनु. कृष्णदत्त शर्मा) *साहित्यका समाजशास्त्रीय चिन्तन* दिल्ली विश्वविद्यालय : हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र (२०५५), *शोधविधि,* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, चन्द्रमान (२०७६), 'उसले रोजेको बाटो उपन्यासमा विश्वदृष्टि', *अपरा,* बागबजार : पद्मकन्या बहुमुखी क्याम्पस नेपाली विभाग, पूर्णङ्क ३. पृ. ७८-८७ ।

श्रेष्ठ, जीवन (२०७०), 'टेस्ट्युब बेबी र मेरी प्रेमिका कथा र लुसिएँ गोल्डमानको समाजशास्त्र', *प्राज्ञिक संसार,* (१, १०). पृ. २८ - ३८ ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न.* काठमाडौँ : डिस्कोर्स प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६०), 'केही प्रमुख नेपाली उपन्यासहरूको समाजशास्त्र', *नेपाली उपन्यास शतवार्षिकी स्मारिका,* सनत रेग्मी, सम्पा., काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ५०–५८ ।

श्रेष्ठ, दयाराम (२०७०), *नेपाली कथा र कथाकार,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०७७), *साहित्यको अनुसन्धान व्यवस्थापन,* काठमाडौँ : ज्ञानज्योति बुक्स पब्लिकेसन प्रा. लि. ।

शाह, महेशविक्रम (२०७४), *'छापामारको छोरो'* (सातौं संस्करण), ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५९), 'समसामयिक कथा प्रवृत्ति र प्रगतिवादी कथाका प्राप्तिहरू', *समकालीन साहित्य* (१२, ४५) पृ. २८- ३४ ।

सिंह, बच्चन (सन् २०११), *साहित्य का समाजशास्त्र,* इलाहावाद : लोकभारती प्रकाशन ।